बरहथवा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बरहथवा, सर्लाही

२०७४

२ नं. प्रदेश, नेपाल

पत्र संख्या:

चलानी नं.:

मिति:२०७५।१०।२४

विषय: घर अभिलेखीकरण गर्ने सम्बन्धि बरहथवा नगरपालिकाको अति जरुरी सुचना

जो जस संग सम्बन्ध राख्दछ ।

श्री:.....

बरहथवा नगरपालिका स्थापना हुनु भन्दा पहिला निर्माण भएका घर भवनहरु अनिवार्य रुपमा नगरपालिका कार्यालयमा अभिलेखीकरण गर्नु पर्ने प्रावधान अनुरुप हाल अभिलेखीकरणको कार्य भइरहेकोमा बरहथवा नगरपालिका स्थापना भएको मिति २०७२ साल असोज १ बाट बढीमा २ वर्ष सम्म यस्तो अभिलेखीकरणको कार्य सम्पन्न गरि सक्नु पर्नेमा हाल सम्म यस्ता घरहरु अभिलेखीकरण भइरहेको साथै यो व्यवस्थाको व्यापक दुरुपयोग भइरहेको पाइएको छ । यसकारण नगर कार्यपालिकाको मिति २०७५ माघ २० गतेको निर्णय अनुसार २०७५ साल चैत्र मसान्त सम्म नगरपालिका कार्यालयमा आवेदन दिई अनिवार्य रुपमा घर अभिलेखीकरण गराउनु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सुचना जारी गरिएको छ । २०७६ साल बैशाख १ गते देखि घर अभिलेखीकरणको कार्य पूर्ण रुपमा बन्द गरिने व्योहोरा अनुरोध छ ।

साथै नयाँ बन्ने घर/ भवनहरु नेपाल सरकारको भवन मापदण्ड अनुरुप अनिवार्य रुपमा नक्सा पास गराइ नगरपालिकाबाट भवन निर्माण इजाजत लिएर मात्र घर निर्माण गर्नु हुन जानकारी गराइन्छ । मापदण्ड विपरीत र नक्सा पास नगराइ निर्माण गरिने घरहरुको सन्दर्भमा नियमानुसार कारवाही गरिने छ । साथै त्यस्ता घरहरुको अभिलेखीकरण वा नक्सा पास भविष्यमा समेत नगरिने व्योहोरा सवैको जानकारीको लागि यो सुचना जारी गरिएकोछ ।

.....

२०७५।१०।२४

सुरेश राउत

प्रमुख प्रशासकीय अधिकृत

(उपसचिव)